# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १६ गते २०४० साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ६ को उपदफा (१) को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित अनुसार गर्ने गरी यो आदेश जारी गरेको छ ।

(क) खण्ड ३१ संख्या ४८ मिति २०३८।१२।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठित कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत र कन्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालतको म्याद २०४० साल आषाढ मसान्तसम्म रहेकोमा उक्त विशेष अदालतको म्याद २०४० साल पौष मसान्तसम्म थप गरिएको छ ।

(ख) खण्ड ३२ अतिरिक्ताङ्क २ मिति २०३९।१।७ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम गठित बाँके, बर्दिया जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत, नवलपरासी, रूपन्देही, कपिलवस्तु, जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत, मोरङ, सुनसरी जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत र झापा जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालतको म्याद २०४० साल आषाढ मसान्तसम्म रहेकोमा उक्त विशेष अदालतको म्याद २०४० साल पौष मसान्तसम्म थप गरिएको छ ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८९

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले विशेष अदालत ऐन, २०३१ को दफा ५ को उप-दफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी यो आदेश जारी गरेको छ।

चितवन जिल्ला अदालतमा दायर भै चलेको वादी श्री ५ को सरकार प्रतिवादी उद्धवविलास पन्त समेत भएको कर्तव्य ज्यान मुद्दा उक्त अदालतबाट झिकी कारवाही र किनारा गर्नको लागि वाग्मती विशेष अदालतलाई सुम्पिएको छ।

आज्ञाले,
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।